सुनापति गाउँसभाको १९ औं अधिवेशन
मिति:२०८२/०९/१० गते बिहीबार
बैठक संख्या:१९
समय:दिउँसो १:०० बजे
स्थान:सुनापति गाउँपालिका,सभाहल

आज मिति २०८२ साल पुष १० गते बिहीबारका दिन यस सुनापति गाउँपालिका गाउँसभाका सभाध्यक्ष श्री ठुलो कान्छा तामाङ ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँसभा सदस्यहरुको उपस्थितिमा सुनापति गाउँसभाको १९ औं अधिवेशनको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो:

गाउँसभा सभाध्यक्ष उपस्थिति:

१.श्री ठुलो कान्छा तामाङः सभाध्यक्ष

गाउँसभा सदस्य उपस्थिति:

२.श्री गिता बिष्टः उपाध्यक्ष

३.श्री ध्रुव प्रसाद चौलागाईः सदस्य

४.श्री पदम बहादुर थापाः सदस्य

५.श्री कुल बहादुर थिङः सदस्य

६.श्री डण्डुप लामाः सदस्य

७.श्री चित्र बहादुर मानन्धरः सदस्य

८.श्री रिता कामी धमलाः सदस्य

९.श्री अविना लामाः सदस्य

१०.श्री सुनमाया तामाङः सदस्य

११.श्री हरिमाया श्रेष्ठः सदस्य

१२.श्री टासी लामाः सदस्य

सुनापति गाउँपालिका गाउँ सभाको १८ औं अधिवेशनको प्रथम बैठकको बैठक पुस्तिका बागमती प्रदेश सभाले पास गरेको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन,२०७५ को दफा २२ को उपदफा १ बमोजिम सुनापति गाउँसभाको निर्णय हो भनी प्रमाणित गर्दछु ।

(ठुलोकान्छा तामाङ)
सभाध्यक्ष
मिति:२०८२/०९/१०

CamScanner

सुनापति गाउँसभाको १९ औं अधिवेशन
मिति:२०८२/०९/१० गते बिहीबार
बैठक संख्या:१९
समय:दिउँसो १:०० बजे
स्थान:सुनापति गाउँपालिका,सभाहल

१३.श्री मिन कुमार खाती:	सदस्य
१४.श्री डोल कुमारी तिमिल्सिना:	सदस्य
१५.श्री भिम प्रसाद चौलागाई:	सदस्य
१६.श्री चन्द्र बहादुर तितुङ:	सदस्य
१७.श्री कुमारी कामी:	सदस्य
१८.श्री देव बहादुर मगर:	सदस्य
१९.श्री लाल बहादुर तामाङ:	सदस्य
२०. श्री तारा खड्का कार्की:	सदस्य
२१. श्री कमला जैरु:	सदस्य
२२. श्री टेक बहादुर श्रेष्ठ:	सदस्य
२३.श्री मैया वि.क:	सदस्य
२४.श्री निशान लामा:	सदस्य
२५.श्री राजेश्वर बोहोरा:	सदस्य
२६.श्री कमला वि.क सुनार:	सदस्य
२७.श्री रामहरी जर्गा:	सदस्य

गाउँसभा सचिवको उपस्थिति:

२८. श्री सुरेश कुमार श्रेष्ठ:	सचिव

सुनापति गाउँपालिका गाउँ सभाको १८ औं अधिवेशनको प्रथम बैठकको बैठक पुस्तिका बागमती प्रदेश सभाले पास गरेको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन,२०७५ को दफा २२ को उपदफा १ बमोजिम सुनापति गाउँसभाको निर्णय हो भनी प्रमाणित गर्दछु ।

(ठुलो कान्छा तामाङ)
सभाध्यक्ष
मिति:२०८२/०९/१०

CamScanner

यस सुनापति गाउँपालकाको हिंउदे गाउँसभा १९ औं अधियेशनको पहिलो बैठक सभ अध्यक्ष श्री ठुलोकान्छा तामाङको अध्यक्षतामा तथा उल्लिखित सभा सदस्यहरुको उपस्थितिमा बसी सभामा पेश भएका प्रस्तावहरु सभाबाट विस्तृत छलफल भई अनुमोदन भए अनुसार तपसिलको प्रस्ताव तथा कार्यसुचिहरुको देहाय बमोजिमको निर्णय भयो।

प्रस्तावहरु:

१. आय व्यय प्रतिवेदन प्रस्तुत र अनुमोदन सम्बन्धमा।
२. लेखा समितिको नियमित गर्नु पर्ने सम्बन्धी निर्णय अनुमोदन सम्वन्धमा।
३. ऐन तथा कानुन स्वीकृति र अनुमोदन सम्बन्धमा।
४. बजेट संशोधन र रकमान्तर अनुमोदन सम्वन्धमा।
५. करार कर्मचारीको करार नवीकरण सम्वन्धमा।
६. आर्थिक ऐन, २०८२ को संशोधन अनुमोदन सम्बन्धम।
७. ठेक्का आह्वान गरी बाँकी संघीय सशर्त तर्फको रकमबाट कार्यान्वयन गरिने योजना सम्वन्धमा।
८. सडक सरसफाईको लागि रकम रकमान्तर सम्बन्धमा।
९. कार्यालय सहयोगीको तलब सुविधा सम्बन्धमा।
१०.योजना कार्यान्वयन सम्ब्रन्धमा।

निर्णयहरु:

निर्णय नं. १:- प्रस्ताव नं. १ माथि विस्तृत छलफल गर्दा सभामा पेश भएको सुनापति गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको आय व्यय विवरण सहितको प्रतिवेदन सभाको ध्वनी मतले सर्वसम्मत रुपमा पारित भई सभाबाट अनुमोदन भएंको निर्णय भयो।

निर्णय नं. २:- यस सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षणको प्रांरम्भिक प्रतिवेदनबाट औंल्याइएको तपसिलका नियमित गर्नु पर्ने बेरुजुहरुलाई नियमित गर्ने सम्बन्धी लेखा समितिले गरेका तपसिलका निर्णयहरु अनुमोदन गर्ने प्रस्ताव गाउँसभाबाट सर्वसम्मत स्वीकृत तथा अनुमोदन गरियो र गाउँपालिकाको बेरुजु सम्परीक्षण गरी शून्य बेरुजु कायम गर्ने निर्णय समेत गरियो।

तपसिल:

सुनापति गाउँपालिका गाउँसभा १९ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

....
ठुलोकान्छा तामाङ
सभा अध्यक्ष
मिति: २०८२ पुष १० बिहीबार

CamScanner

महालेखा परीक्षकको कार्यालयको मिति २०८२/०७/०२ मा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यस पालिकाका अध्यक्ष समेतलाई जानकारी गरि लेखा समितिमा छलफल तथा निर्णयका लागि पेश गरिएको ।

निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व. २०८१/०८२ लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदको दफा ४५ एकल पुरुष र बृद्ध कन्यालाई अध्ययन गर्दा यस पालिकाले ५० वर्ष उमेर समुह माथिका एकल वृद्ध कन्या तथा एकल पुरुषलाइ गाउँसभाले २० लाख बजेट, नीति कार्यक्रममा घोषणा अनुरुप मासिक १ हजारका दरले भत्ता उपलब्ध गराउदै आएको देखिन्छ।सोही नीति तथा कार्यक्रम अनुरुप दुई चरणमा पहिलो तथा दोस्रो अर्ध बार्षिकमा २३१ जनाको संख्या गरि जम्मा रु. १३ लाख ३४ हजार भूक्तानी भएको देखिन्छ। सोही भत्ता वितरण गर्दा यस पालिकालाई थप व्ययभार परेको देखिन्छ। यस प्रकारका खर्च गर्दा पूजिँगत र विकास मुखि कार्यक्रममा खर्च गर्न बजेट अभाव हुने गरेको छ।यस विषय संग सम्बन्धित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ५८७९/२०८१/०८२ मिति: २०८१/०४/२५ को पत्र अनुसार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सुशासन प्रवर्द्धन शाखाको च.नं. ४०/२०८१/०८२ मिति: २०८१/०४/३० गतेको परिपत्र अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उल्लेखित निर्णय कार्यान्वयनका लागि पत्राचार गरेंको देखिन्छ । सो निकायको परिपत्र अवगत नभएको र उक्त कार्यक्रममा बढि भूक्तानी नभएको, सरकारी हानी नोक्सानी नभएको देखिन्छ र चालु आ. व. मा समेत यस्ता नीति तथा कार्यक्रम नभएको र नदोहोरिने एवम् बजेट रकमान्तर समेत नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.वं. को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट अनुमोदन गरी नियमित गर्ने सुझाव सहित यस समितिको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो भनी निर्णय सहित सभामा प्रस्ताव पेश भएकोमा सभाबाट अनुमोदन गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व. २०८१/०८२ लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको दफा ६३ अन्य निकाय खर्चलाई अध्ययन गर्दा यस पालिकाले जिल्ला प्रहरी कार्यालय मन्थली रामेछापलाई स्मार्ट वोर्ड खरिद गरि रु. २,३७,७३४/- बराबरको सामाग्री हस्तान्तरण गरेको देखिन्छ यस्ता किसिमका अन्य निकायलाई मसलन्द लगायत सामाग्री खरिद

गरि दिंदा पालिकालाई व्ययभार परेको र यस्तो किसिमका गतिविधिले पालिकालाई अन्य विकास गतिविधिमा प्रत्यक्ष असर पारेको छ ।यस प्रकृतिको खर्चले व्ययभार बढ्दै जाने हुदा यस्तो अन्य निकाय खर्च नियन्त्रण गर्नु पर्ने आवश्यकता देखिन्छ भन्ने प्रतिवेदन भएकोमा उक्त कार्यक्रममा बढि भूक्तानी नभएको, सरकारी हानी नोक्सानी नभएको देखिन्छ र चालु आ. व. मा समेत यस्ता नीति तथा कार्यक्रम नभएको र यस प्रकारको खर्च नदोहोरिने एवम् बजेट रकमान्तर समेत नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिले सर्वसम्मतिले निर्णय गरियो भनी पेश भएको निर्णय सहितको प्रस्तावको सभाबाट अनुमोदन भयो।

निर्णय नं. ३

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व. २०८१/०८२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको दफा ६७ अध्यक्षको भ्रमण खर्चलाई अध्ययन गर्दा अध्यक्ष श्री ठूलोकान्छा तामाङको विभिन्न मितिमा भएको १४ वटा ३ दिन भन्दा बढिको भ्रमण आदेश आफै स्वीकृत गराएको पाइयो।यस प्रकारको खर्चले सम्बन्धित ऐन नियम पालना नभएको देखिन्छ। कार्यपालिकाले एकमुष्ट रुपमा अध्यक्षको भ्रमण आदेश स्वीकृत गरेको देखिन्छ यस्ता किसिमका खर्चले वित्तीय अनुशासन, मितव्ययिता लगायत मौजुदा कानून पालना नभएको देखिन्छ ।यसले गर्दा पालिकालाई बढी व्ययभार भई खर्च व्यवस्थापन गर्न कठिनाइ रहेको भनी प्रतिवेदनमा उल्लेख भएता पनि मिति: २०८२/०८/०५ मा बसेको कार्यपालिका बैठकले एकमुष्ट रुपमा अध्यक्षको भ्रमण आदेश स्वीकृत गरेको, उक्त कार्यमा बढी भूक्तानी नभएको, सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको देखिन्छ । चालु आ. व. मा समेत यस्ता भ्रमण आदेश आवश्यकता र प्रचलित ऐन, कानून, नीति नियम संगत हुने गरी गरेको र यस्तो प्रकारको भुक्तानी नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व. को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भनी पेश भएको निर्णय सहितको प्रस्तावको सभाबाट अनुमोदन भयो।

निर्णय नं. ४

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ८१ आवश्यकता भन्दा बढी बाल विकास सहजकर्ता अध्ययन गर्दा पालिकाले विभिन्न सामुदायिक विद्यालयहरुमा नियमानुसार राख्न पाउने बाल विकास सहजकर्ता भन्दा

बढी संख्यामा राखेको पाइयो। यस सम्बन्धी राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७५ बमोजिम २५ भन्दा बढी विद्यार्थी भएमा मात्र १ भन्दा बढी बाल विकास सहजकर्ता राख्न पाउने नियम रहेकोमा पालिकाको यस प्रकारको कार्यले वित्तीय अनुशासन, मितव्ययिता लगायत पालिकाले मौजुदा कानूनको पालना नगरेको देखिन्छ ।हिमालि तथा पहाडी जिल्लामा सरकारी विद्यालमा घट्दै गइरहेको विद्यार्थी संख्याको कारणले संघीय मापदण्ड अनुसार नियुक्ति गरिएको भएता पनि विद्यार्थी संख्या घट्दै गएकोले यस्तो अवस्था आएको देखिन्छ र पछि बाल विकास सहजकर्ता नियुक्ति गरिएको देखिदैन।यसले गर्दा पालिकालाई बढी व्ययभार पर्न गई खर्च व्यवस्थापनमा कठिनाई रहेको प्रतिवेदन भएता पनि उक्त कार्यमा बढि भूक्तानी नभएको, सरकारी हानी नोक्सानी नभएको देखिन्छ । चालु आ.व. मा समेत यस्ता बढी सहजकर्ता नियुक्ति सम्बन्धी कार्य नगरेको र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व. को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिले सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव पेश भएकोमा गाउँसभाबाट अनुमोदन भयो।

निर्णय नं. ५

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ८६ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम उपर अध्ययन गर्दा यस कार्यक्रम मार्फत प्राप्त बजेट वडा नं.५ मा भवन निर्माण गरि बाँकी रकम कार्यपालिकाको निर्णयानुसार तोकिएको भन्दा फरक कार्य *वडा नं ३ मा सामुदायिक स्वास्थ्य इकाई निर्माण* शिर्षकमा रु ६,७८,००० खर्च गरेको पाइयो । यस सम्बन्धमा सम्बन्धित नियम कानून तथा कार्यविधि बमोजिम संघीय तथा प्रदेश मन्त्रालयसँग समन्वय गरि बजेट तथा कार्यक्रम र खर्च शिर्षकमा रकम विनियोजन गरि खर्च गर्ने व्यवस्था रहेकोमा पालिकाले पटक पटक मन्त्रालयलाई पत्राचार गरेको देखिन्छ र मन्त्रालयले लिखित आदेश नदिई सोहि पालिकाको कार्यपालिका स्तरिय निर्णयबाट खर्च गर्ने गरेको भन्ने मन्त्रालयको मौखिक सहमति बमोजिम निर्णय गरेको पाइयो।पालिकाको स्व-निर्णयले अनुसारको यस प्रकारको कार्यले वित्तीय अनुशासन, समन्वय, मितव्ययिता लगायत मौजुदा कानूनको पालना नगरेको देखियता पनि पालिकाले स्वास्थ्य सेवा केन्द्रको जिर्ण अवस्थाको कारण सोही भवन निर्माणमा काम गरेको छ। यसले गर्दा पालिकालाई बढी व्ययभार पर्न गइ खर्च व्यवस्थापनमा कठिनाइ रहेकाले र उक्त कार्यमा बढि रकम भूक्तानी नभएको, सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ. व. मा समेत यस्ता कार्य सम्बन्धित कानून, ऐन, नीतिनियम बमोजिम हुने र पुनः नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै

गत आ.व. को यस प्रकारको खर्चको जिम्मा लेखा, समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिले सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव पेश भएकोमा गाउँसभाबाट अनुमोदन भयो।

निर्णय नं. ६

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ८६ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम उपर अध्ययन गर्दा यस कार्यक्रम मार्फत प्राप्त बजेट *वडा नं ५ मा भवन निर्माण* गरि बाँकी रकम कार्यपालिकाको निर्णयानुसार तोकिएको भन्दा फरक कार्य *सुनापति १० शैया आधारभुत अस्पतालमा* शिर्षकमा रु. ९,५२,४१४/- खर्च गरेको पाइयो । यस सम्वन्धमा सम्वन्धित नियम कानून तथा कार्यविधि बमोजिम संघीय तथा प्रदेश मन्त्रालयसँग समन्वय गरी बजेट तथा कार्यक्रम र खर्च शिर्षकमा रकम विनियोजन गरि खर्च गर्ने व्यवस्था रहेकोमा पालिकाले आवश्यक एकै प्रकृतिको कार्यमा सम्वन्धित निकायको मौखिक सहमतिमा यस प्रकारको कार्य गरेको देखिन्छ। पालिकाको स्वास्थ्य क्षेत्रको आधारभूत आवश्यकताको आधारमा तत्काल काम गर्नै पर्ने भएकोले सोहि कार्य गरिएको भए तापनि यसले वित्तीय अनुशासन, समन्वय , मितव्ययिता लगायत मौजुदा कानूनको पालना नगरेको देखिन्छ । यसले गर्दा पालिकालाई बढी व्ययभार पर्न गई खर्च व्यवस्थापनमा कठिनाइ रहेकाले, उक्त कार्यमा बढि रकम भूक्तानी नभएको, सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ. व. मा समेत यस्ता कार्य सम्वन्धित ऐन, कानून, नीतिनियम बमोजिम हुने र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व.को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरी कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिले सर्वसम्मतिबाट निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव पेश भएकोमा गाउँसभाबाट यस निर्णयको अनुमोदन भयो।

निर्णय नं. ७

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ८० सार्वजनिक खरिद तालिम सञ्चालन उपर अध्ययन गर्दा यस पालिका र खाँडादेवी गाउँपालिकाको संयुक्त साझेदारीमा सार्वजनिक खरिद तालिम आयोजना गर्न ५० प्रतिशत लागत व्यहोर्ने गरि मिति २०८१/०४/२२ मा सम्झौता गरेको देखिन्छ। उक्त कार्यक्रम संचालनका लागि यस कार्यालयमा कार्यरत कम्प्यूटर अपरेटर श्रीराम ढुङगानालाई रु. ३,५०,०००/- भुक्तानी भएको देखिन्छ । उक्त कार्यक्रम सम्वन्धमा प्रतिवेदनमा औल्यायका कैफयतका विषयमा यस

पालिकामा मौजुदा होटल तथा बास बस्ने ठाउको अभावको, भौगोलिक जटिलता, कोटेसन माग गर्न कठिनाई भएको उक्त कार्यक्रम संचालनका लागि प्रशिक्षक ल्याउन जटिलता र लागत अनुमान अनुसार नै खर्च भएको लगाएतका विविध विषयमा जटिलताका बापजुत कार्यक्रम संचालन गर्नु पर्ने भएकोले उक्त कार्यक्रम गरिएको देखिन्छ। सोहि कार्य गरिएको भए तापनि यसले वित्तीय अनुशासन, समन्वय, मितव्ययीता लगायत मौजुदा कानूनको पालना नगरेको देखिन्छ । यसले गर्दा पालिकालाई थढी व्ययभार पर्न गई खर्च व्यवस्थापनमा कठिनाइ रहेको भन्ने प्रतिवेदन भएतापनि उक्त कार्यमा बढि रकम भूक्तानी नभएको, सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ. व.मा समेत यस्ता कार्य सम्बन्धित ऐन, कानून, नीतिनियम बमोजिम हुने गरेको र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व. को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव पेश भएकोमा गाउँसभाबाट यस निर्णयको अनुमोदन भयो।

निर्णय नं. ८

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९६ पशुपालन प्रवर्द्धन कार्यक्रम शिर्षक अध्ययन गर्दा पालिकाले सुचना प्रकाशन गरि छनौट गरेको पशुपालन फर्म भन्दा फरक कृषि उपजको उत्पादनमा आधारित अनुदान कार्यक्रममा छनौट भएको मौरीपालन कृषक समुहलाई रु २,३४,०००/- रकम भुक्तानी गरेको पाइयो । यस सम्बन्धमा पालिकाले स्वीकृत कार्यक्रम र छनौट गरेको फर्म वा व्यक्तिलाई रकम भुक्तानी गर्नुपर्ने व्यवस्था भएतापनि यस प्रकारको फरक कार्य संस्कृतिले पालिकाको वित्तिय अनुशासन, मितव्ययिता लगायत मौजुदा कानूनको पालना नगरेको देखिन्छ। पालिकामा समयमा नै बजेट निकासा तथा प्राविधिक त्रुटिले गर्दा पशुपालन प्रवर्द्धनको बजेट कृषिमा र कृषिको बजेट खर्च पशुपालनमा गरिएको देखिन्छ। उक्त कार्यमा बढि रकम भूक्तानी नभएको, सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ.व.मा समेत यस्ता कार्य सम्बन्धित ऐन, कानून, नीतिनियम बमोजिम हुने एवं गर्ने र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व. २०८१/०८२ को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरी कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव पेश भएकोमा गाउँसभाबाट यस निर्णयको अनुमोदन भयो।

सुनापति गाउँपालिका गाउँसभा १९ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

....
दुर्गाकान्छा तामाङ
सभा अध्यक्ष
मिति: २०८२ पुष १० बिहिबार

निर्णय नं. ९

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९७ कार्यक्रम विपरीत खर्च शिर्षक अधयन गर्दा स्वास्थ्य संस्था सबलीकरण कार्यक्रमबाट कानूनमा तोकिएको भन्दा फरक कर्मचारी (कार्यलय सहयोगी) राखेर भुक्तानी दिएको पाइयो। यस कार्यक्रम सँग सम्बन्धित कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा स्वास्थ्य संस्थाले तोकिएको स्वास्थ्यकर्मी वा चिकित्संक मात्र राख्न पाउने व्यवस्था रहेकोमा पालिकाले कार्यालय सहयोगि नियुक्ति गरि जम्मा रु. २,२०,८००/- तलब भूक्तानी गरेको देखिन्छ। पालिकाले उक्त स्वास्थ्य चौकीको सेवाग्राहीको चाप तथा कार्यायल सहयोगी नभएको कारणले तत्काल सो समस्या समाधान गर्नको लागि सोहि निर्णय गरेको देखिन्छ ।सोहि कार्यालय सहयोगीलाई पनि सोही कार्यक्रमबाट तलब भत्ता खुवाउन मिल्छ भन्ने दुविधा भएको कारणले यस्तो भएको देखिन्छ। यस प्रकारको कार्यले वित्तीय अनुशासन, मितव्ययिता लगायत मौजुंदा कानूनको पालना नगरेको देखिन्छ ,उक्त कार्यमा बढि रकम भूक्तानी नभएको, सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ.व.मा समेत यस्ता कार्य सम्वन्धित कानून, ऐन, नीतिनियम बमोजिम हुने र पुन नदोहोऱ्याउने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व. को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरी कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव पेश भएकोमा गाउँसभाबाट यस निर्णयको अनुमोदन भयो।

निर्णय नं. १०

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९८ गृहणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत ९८.२ अध्ययन गर्दा पालिकाबाट तालिम नदिएको छापँडाँडा गृहणी महिला उद्यमी समुहलाई समेत बिउँ पूँजी उपलब्ध गराई भुक्तानी दिएको देखियो। यस प्रकारको कार्य गर्दा सम्बन्धित गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम तालिम पुरा गरेका १२ देखि २० जनाको समुह गठन गरी सम्बन्धित समूहको नाममा भुक्तानी दिने व्यवस्था रहेकोमा, पालिकाले सामुदायिक विकास समाजको सहकार्यमा उक्त समुहलाई तालिम तथा प्रशिक्षण दिएको आधारमा सोहि समुहलाई पालिकाले विउ पुँजि बापत रु. १,००,०००/- उपलब्ध गराएको र सोहि समुहका सदस्यले पनि तालिम प्राप्त गरेको देखिन्छ यसले गर्दा, उक्त कार्यमा बढि रकम भूक्तानी नभएको, सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ.व.मा समेत यस्ता कार्य सम्बन्धित कानून, ऐन, नीतिनियम बमोजिम हुने र पुन

नदोहोरिने एवम् नगर्ने प्रतियद्धता जारि गर्दै गत आ.व. को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव पेश भएकोमा गाउँसभाबाट यस निर्णयको अनुमोदन भयो।

निर्णय नं. ११

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९३ पालिका कार्यलयका काम उपभोक्ता समितिबाट गराएको शिर्षक अध्ययन गर्दा पालिकाले *गुन्सी वडा कार्यालय व्यवस्थापन र संचालन* सम्बन्धी काम उपभोक्ता समितिबाट गराई रु ५,००,०००/- भुक्तानी गरेको देखियो ।. सार्वजनिक खरिद ऐन तथा नियमावलीमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरू उपभोक्ता समिति मार्फत गराउन नहुने व्यवस्था रहको छ ।यस्ता प्रकृतिको कार्य प्रचलित खरिद विधि मार्फत गर्न कठिनाई तथा फरक फरक प्रकृति र स्थानमा रहेको हुदाँ ठेक्का आहान गर्न नसकिएको कारणले उपभोक्ता समिति मार्फत लागत अनुमान गरि कार्य गराएको पाइयो । तसर्थ यस्ता कार्यमा कानुनको परिपालना मितव्ययीता र वित्तीय सुशासनको पालना गरेको देखिदैन । तसर्थ पालिकालाई बढी व्ययभार पर्न गइ खर्च व्यवस्थापनमा कठिनाइ रहेकाले, उक्त कार्यमा बढि रकम भूक्तानी नभएको, सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ.व.मा समेत यस्ता कार्य सम्बन्धित कानून, ऐन, नीतिनियम बमोजिम हुने र पुनः नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व.को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव पेश भएकोमा गाउँसभाबाट सर्वसम्मत अनुमोदन भयो।

निर्णय नं. १२

प्रस्ताव नं. १ उपर महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९३ पालिका कार्यलयका काम उपभोक्ता समितिबाट गराएको शिर्षक अध्ययन गर्दा पालिका कार्यलयले गो..भौ.न.१९/३-१८ अनुसार *गुन्सी सामुदायिक स्वास्थ्य इकाई निर्माण तथा सवलीकरण* को खर्च उपभोक्ता समितिमार्फत काम गराई रु ४,१८,८०८/- भुक्तानी दिएको देखियो ।सम्बन्धित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरू उपभोक्ता समिति मार्फत गराउन नहुने व्यवस्था रहको छ ।पालिकाले

यस्ता कार्यहरु तहाँको शान्ति सुरक्षा, आवश्यक संरक्षण सहजीकरणको जिम्मेवारी सम्बन्धित स्थानीयस्तरका जन समुदायलाई नै दिइने गरि उपभोक्ता समिति गठन गरी कार्य गराएको देखिन्छ । तसर्थ यस्ता कार्यमा कानुनको परिपालना, मितव्ययीता र वित्तीय सुशासनको पालना नभई पालिकालाई बढी व्ययभार र खर्च व्यवस्थापनमा कठिनाइ भएको छ ।उक्त कार्यमा प्राविधिक मुल्याङकन भन्दा बढी रकम भूक्तानी नभएको र सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ.व.मा समेत यस्ता कार्य-सम्बन्धित कानून, ऐन, नीतिनियम बमोजिम हुने गरेको र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व.को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरी कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव गाउँसभाबाट अनुमोदनं भयो ।

निर्णय नं. १३

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९३ पालिका कार्यलयका काम उपभोक्ता समितिबाट गराएको शिर्षक अध्ययन गर्दा पालिका कार्यलयको गो..भौ.न. ८/१२-२० मा खर्च शिर्षक *भिरकोट सामुदायिक स्वास्थ्य इकाई निर्माण तथा सवलीकरण* वापतको रकम उपभोक्ता समिति मार्फत काम गराई रु. १०,००,०००/- भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा यस्ता कार्यहरु हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरू उपभोक्ता समिति मार्फत गराउन नहुने व्यवस्था रहको छ । पालिकाको यस्ता कार्यहरु एकै प्रकृतिको नभएको ,कार्यलयको सुरक्षा प्रवन्धको लागि आवश्यक बजेट र जनशक्ति नभएकोले तहाँ उपस्थित स्थानीयलाई नै समिति गठन गरी शान्ति सुरक्षा र आवश्यक सहजीकरणको जिम्मेवारी समेत दिई कार्य गराउने प्रकृति देखियो ।यस्ता कार्यले वित्तिय सुशासन कमजोर हुने तथा मौजुदा कानूनको परिपालना नभएको पाइयो ।परिणाम स्वरुप पालिकालाई बढी व्ययभार र खर्च व्यवस्थापनमा कठिनाई भएको छ । उक्त कार्यमा प्राविधिक मुल्याङकनभन्दा बढी रकम भूक्तानी नभएको र सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ.व.मा समेत यस्ता कार्य सम्बन्धित कानून, ऐन, नीतिनियम बमोजिम हुने गरेको र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरी कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव गाउँसभाबाट अनुमोदन भयो ।

सुनापति गाउँपालिका गाउँसभा १९ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

....
ठुलोबाब्या तामाङ
सभा अध्यक्ष
मिति: २०८२ पुष १० बिहीबार

CamScanner

निर्णय नं. १४

प्रस्ताव नं १. उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९३ पालिका कार्यलयका काम उपभोक्ता समितिबाट गराएको शिर्षक अध्ययन गर्दा पालिका कार्यलयले *धारापानी सामुदायिक स्वाथ्य ईकाइ निर्माण तथा सवलीकरण* सम्वन्धी काम उपभोक्ता समितिबाट गराई रु १०,००,०००/- कार्यसम्पन्न गरेको देखियो । सार्वजनिक खरिद ऐन तथा नियमावली मा यस्ता हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरू उपभोक्ता समिति मार्फत गराउन नहुने व्यवस्था रहको छ ।पालिकाले यस प्रकारको काम व्यवहारिक तथा विभिन्न फरक फरक परिमाणमा खरिद र निर्माण दुवै कार्य एकै पटक गराउन आवश्यक रहेकाले प्रचलित कानून विधि अपनाउन नसकिएको अवस्था रहेको देखियो । तथापि यस्ता कार्यले कानुनको परिपालना मितव्ययिता र वित्तीय सुशासन को पालना गरेको देखिदैन । तसर्थ पालिकालाई यस्ता कार्यले बढी व्ययभार पर्न गइ खर्च व्यवस्थापनमा कठिनाइ रहेको देखिन्छ । उक्त कार्यमा लागत अनुमान भन्दा वढि रकम भूक्तानी नभएको, सरकारी हानी-नोक्सानी नभइ आवश्यक कार्य सम्पन भएको देखिन्छ। चालु आ. व. मा समेत यस्ता कार्य सम्वन्धित कानून, ऐन, नीतिनियम बमोजिम हुने गरेको र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव गाउँसभाबाट अनुमोदन भयो।

निर्णय नं. १५

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९३ पालिका कार्यलयका काम उपभोक्ता समितिबाट गराएको शिर्षक अध्ययन गर्दा गाउँपालिका कार्यलयको गो..भौ.न. ३०/३-२३ मा *केउरानी सामुदायिक स्वास्थ्य इकाई निर्माण तथा सवलीकरण* खर्च शिर्षक वापतको रकम उपभोक्ता समितिबाट काम गराई रु. ९,७३,५६४/- भुक्तानी गरेको देखियो । यस कार्यसँग सम्बन्धित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरू उपभोक्ता समिति मार्फत गराउन नहुने व्यवस्था रहको छ ।पालिकाले यस्ता कार्यहरु तहाँको शान्ति सुरक्षा, आवश्यक संरक्षण सहजीकरणको जिम्मेवारी सम्बन्धित स्थानियस्तरका जन समुदायलाई नै दिइने गरि उपभोक्ता समितिमार्फत काम गराएको देखिन्छ तसर्थ यस्ता कार्यमा कानुनको परिपालना, मितव्ययीता र वित्तीय

सुशासनको पालना नभइ पालिकालाई वढी व्ययभार र खर्च व्यवस्थापनमा कठिनाइ भएको छ । उक्त कार्यमा प्राविधकि मुल्याङकन , कार्यसम्पादन परिमाण भन्दा वढी रकम भूक्तानी नभएको र सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ.व.मा समेत यस्ता कार्य सम्वन्धित कानून, ऐन, नीतिनियम वमोजिम हुने गरेको र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व.को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव गाउँसभाबाट अनुमोदन भयो।

निर्णय नं. १६

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९३ पालिका कार्यलयका काम उपभोक्ता समितिबाट गराएको भन्ने विवरण अध्ययन गर्दा कार्यलयको गो..भौ.न.२१/३-२१ अनुसार *स्वौरा सामुदायिक स्वास्थ्य इकाई निर्माण तथा सवलीकरण (प्राविधिक त्रुटि वस प्रतिवेदनमा दोहोरो परेको* देखिन्छ) वापतको खर्च उपभोक्ता समितिमार्फत काम गराई रु:१४,४०,०००/- भुक्तानी दिएको देखियो । सम्वन्धित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरू उपभोक्ता समिति मार्फत गराउन नहुने व्यवस्था रहको छ। पालिकाको यस्ता कार्यहरु एकै प्रकृतिको नभएको ,कार्यलयको सुरक्षा प्रवन्धको लागि आवश्यक वजेट र जनशक्ति नभएकोले तहाँ उपस्थित स्थानीयलाई नै समिति गठन गरि शान्ति सुरक्षा र आवश्यक सहजीकरणको जिम्मैवारी समेत दिई कार्य गराउने प्रकृति देखियो । यस्ता कार्यले वित्तिय सुशासन कमजोर हुने तथा मौजुदा कानूनको परिपालना नभएको पाइयो । परिणाम स्वरुप पालिकालाई बढी व्ययभार र खर्च व्यवस्थापनमा कठिनाइ भएको छ । तथापी उक्त कार्यमा प्राविधिक मुल्याङकन भन्दा बढी रकम भूक्तानी नभएको र सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ.व.मा समेत यस्ता कार्य सम्वन्धित कानून, ऐन, नीतिनियम वमोजिम हुने गरेको र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व.को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव गाउँसभाबाट अनुमोदन भयो।

सुनापति गाउँपालिका गाउँसभा १९ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमती प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

....

सूर्यकान्छा तामाङ

सभा अध्यक्ष

मिति: २०८२ पुष १० बिहीबार

निर्णय नं. १७

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९३ पालिका कार्यलयका काम उपभोक्ता समितिबाट गराएको भन्ने विवरण अध्ययन गर्दा कार्यलयको गो..भौ.न.९१/१-२१ अनुसार _४ नं वडा कार्यलय रङरोगन_ वापतको कार्य उपभोक्ता समिति मार्फत काम गराई रु१,८९,००६/- भुक्तानी गरेको पाइयो । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उपभोक्ता समितिमार्फत गराएको काम कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी स्वामित्व हस्तान्तरण गराउने व्यवस्था छ । पालिकाले हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरू समेत उपभोक्ता समिति मार्फत गराएर भुक्तानी दिएको देखिन्छ। यस्ता कार्यले पालिकालाई बढी व्ययभार पर्ने गई वित्तिय सुशासन कमजोर हुने तथा मौजुदा कानूनको परिपालना नगरेको देखिन्छ ।तसर्थ यस प्रकारका खर्च गर्दा वितरणमुखी र विकासोन्मुख नभई वजेट विनियोजनमा प्रत्यक्ष असर परेको छ ।उक्त कार्यमा प्राविधिक मुल्याङकन भन्दा बढी रकम भूक्तानी नभएको र सरकारी हानी-नोक्सानी नभएको देखिनुको साथै चालु आ.व.मा समेत यस्ता कार्य सम्बन्धित कानून, ऐन, नीतिनियम बमोजिम गराउने र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव गाउँसभाबाट अनुमोदन भयो।

निर्णय नं. १८

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९३ पालिका कार्यलयका काम उपभोक्ता समितिबाट गराएको भन्ने विवरण अध्ययन गर्दा पालिका कार्यलयले _४ नं वडा कार्यलय शहिद पार्क व्यवस्थापन_ सम्बन्धी काम उपभोक्ता समितिबाट कार्यसम्पन्न गराई रु ४,००,०००/- भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा यस्ता हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरू उपभोक्ता समिति मार्फत गराउन नहुने व्यवस्था रहेको छ । पालिकाको यस्ता कार्यहरु एकै प्रकृतिको नभएको ,कार्यलयको सुरक्षा प्रवन्धको लागि आवश्यक बजेट र जनशक्ति नभएकोले तहाँ उपस्थित स्थानीयलाइ नै समिति गठन गरि शान्ति सुरक्षा र आवश्यक सहजीकरणको जिम्मेवारी समेत दिई कार्य गराए तापनि यस्ता कार्यले पालिकालाई बढि व्ययभार पर्न गई वित्तिय सुशासन कमजोर हुने तथा मौजुदा कानूनको परिपालना नगरेको देखिन्छ ।तसर्थ यस प्रकारका खर्च गर्दा वितरणमुखी र

विकासोन्मुख नभई परिणाम स्वरुप पालिकालाई खर्च व्यवस्थापनमा कठिनाई भई वजेट विनियोजनमा प्रत्यक्ष असर परेको छ देखिए तापनि उक्त कार्यमा प्राविधिक मुल्याङकन भन्दा वढी रकम भूक्तानी नभएको र सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। साथै उक्त कार्यक्रमको शिर्षकमा वडा जोडिएकोले उपभोक्ता समितिवाट कार्य गराउन नमिल्ने जस्तो देखिए तापनि सोही स्थानको उपभोक्तावाट नै काम गराउन मिल्ने प्रकृतिको रहेको छ। चालु आ.व.मा समेत यस्ता कार्य-सम्बन्धित कानून, ऐन, नीतिनियम बमोजिम हुने गरेको र पुनः यस प्रकृतिको कार्य एवं खर्च नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व. को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरी कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव गाउँसभाबाट अनुमोदन भयो ।

निर्णय नं. १९

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९३ पालिका कार्यलयका काम उपभोक्ता समितिबाट गराएको भन्ने विवरण अध्ययन गर्दा पालिका कार्यलयले *पुरानो वाल विकास प्रा. वि. भवन मर्मत तथा व्यवस्थापन* सम्बन्धी काम उपभोक्ता समितिबाट कार्यसम्पन्न गराई रु १,५०,००० भुक्तानी गरेको देखियो। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उपभोक्ता समितिमार्फत गराएको काम कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी स्वामित्व हस्तान्तरण गराउने व्यवस्था छ। पालिकाले हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने कार्यहरू समेत उपभोक्ता समिति मार्फत गराएर भुक्तानी दिएकोले यस्ता कार्यले पालिकालाइ वढी व्ययभार पर्न गई वित्तिय सुशासन कमजोर हुने तथा मौजुदा कानूनको परि पालना नगरेको देखिन्छ ।तसर्थ यस प्रकारका खर्च गर्दा वितरणमुखी र विकासोन्मुख नभई वजेट विनियोजनमा प्रत्यक्ष असर परेको छ ।उक्त कार्यमा प्राविधिक मुल्याङकन भन्दा वढी रकम भूक्तानी नभएको र सरकारी हानी-नोक्सानी नभएको देखिएको छ। चालु आ.व.मा समेत यस्ता कार्य सम्बन्धित कानून, ऐन, नीतिनियम वमोजिम गराउने र पुन नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व.को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव गाउँसभाबाट अनुमोदन भयो ।

सुनापति गाउँपालिका गाउँसभा १९ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

दुलोकान्छा तामाङ
सभा अध्यक्ष
मिति २०८२ पुष १० विहिबार

निर्णय नं. २०

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको आ.व.२०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९२ उपभोक्ता मार्फत खरिद गरएको भन्ने विवरण अध्ययन गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उपभोक्ता समितिले निर्माण कार्य बाहेक खरिदमात्रको काम गर्न नमिल्ने व्यवस्था भएकोमा उक्त उपभोक्ता समिति मार्फत अक्षता डाँडा छ्योर्तेन निर्माणको काम रु. २,१७,०००/- मा सम्पन्न गरेको दखिन्छ। उक्त छ्योर्तेनको निर्माण चरणमा रहेकोले बाँकी काम अन्य प्रकृयाबाट गर्न असहज तथा धार्मिक, साँकृतिक, ऐतिहासिक र सोही समुदायसंग जोडीएकोले कार्यालयले सोहि उपभोक्ता समिति मार्फत कार्य गराएको देखिन्छ। उपलब्ध जनशक्ति नभएकोले तहाँ उपस्थित स्थानीयलाई नै समिति गठन गरि आवश्यक सहजीकरणको जिम्मेवारी समेत दिई कार्य गराएको छ। यस प्रकारको कार्यले वित्तीय अनुशासन, मितव्ययिता लगायत मौजुदा कानूनको पालना नगरेको देखिएको भएतापनि उक्त कार्यमा बढी रकम भूक्तानी नभएको, सरकारी हानी-नोक्सानी नभएको देखिन्छ। चालु आ.व.मा समेत यस्ता कार्य सम्बन्धित कानून, ऐन, नीतिनियम बमोजिम हुने र पुनः नदोहोरिने एवम् नगर्ने प्रतिवद्धता जारि गर्दै गत आ.व.को यस प्रकारको खर्चको जिम्मा लेखा समिति र गाउँसभाले अपनत्व ग्रहण गर्ने गरि कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गर्ने सुझाव सहित यस समितिको सर्वसम्मतिले निर्णय गरियो भन्ने निर्णय सहितको प्रस्ताव पेश भएकोमा गाउँसभाबाट यस निर्णयको अनुमोदन भयो।

निर्णय नं. ३:- तपसिलको ऐन तथा कानुनहरु स्वीकृत गरी अनुमोदन गरियो साथै स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल:

१. सुनापति गाउँपालिकाको नवीकरणीय उर्जा (उत्पादन तथा अनुमति) ऐन, २०८२।
२. नवीकरणीय उर्जा विकास निर्देशिका, २०८२।
३. सुनापति गाउँपालिकाको स्थानीय मदिरा (अन्नबाली तथा फलफूलबाट) उत्पादन, ब्रान्डिङ तथा बिक्री वितरण व्यवस्थापन ऐन, २०८२।
४. स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२।

सुनापति गाउँपालिका गाउँसभा १९ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

....

त्रिलोकान्द्र तामाङ
सभा अध्यक्ष
मिति २०८२ पुष १० बिहीबार

CamScanner